नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं
फोन नं. ०१-५३२०३११,
०१-५३२०४३३/५६७
फ्याक्स नं. : ०१-५३२०५४३
Email : info@fepb.gov.np

प.सं. ०७९/८०
च.नं. ८२२

# टेलिमेडिसिन सेवा सञ्चालन सम्वन्धी प्रेस विज्ञप्ति

यस वैदेशिक रोजगार वोर्डबाट बिभिन्न मुलुकमा वैदेशिक रोजगारीमा गएका श्रमिक कामदारको कल्याणकारी कार्य सञ्चालन भइरहेको र यस्ता कल्याणकारी कार्य सरल, सहज, पारदर्शी र अनुमानयोग्य आधारमा सञ्चालन भइरहेको विषय सवैमा विदितै छ ।

यसै सन्दर्भमा वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिक कामदारहरुलाई लक्षित गरि टेलिमेडिसिन सेवा सञ्चालन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०७९।११।०२ मा टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गरेको छ । टेलिमेडिसिन सेवा सञ्चालन गर्नुको उद्देश्य वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरुको स्वास्थ्य सम्वन्धी समस्या समाधानका लागि आवश्यकता अनुसार समयमा नै सल्लाह, सुझाव र परामर्श सेवा उपलब्ध गराउने हो ।

टेलिमेडिसिन सेवा मिति २०७९ चैत्र १५ गते बुधवार तदनुसार सन् २०२३ मार्च २९ गते बिहान दस बजेबाट शुरुवात हुनेछ । सार्वजनिक विदाका दिन वाहेक नेपाली कार्यालय समय बमोजिम सेवा प्रवाह गरिनेछ । यो सेवा लिन चाहने नेपाली श्रमिकले मोवाइल नम्वर ९८५१३४५७०१ र ९८५१३४५७०२ को भाइवर, ह्वाटस एप वा इमो लगायतका सामाजिक सञ्जालबाट फोन गर्न सक्नु हुनेछ । उक्त कल टेलिमेडिसिनका मेडिकल अधिकृतले प्राप्त गरि बिमारी कामदारलाई विशेषज्ञ सेवा आवश्यक परेमा मेडिकल अधिकृतको सिफारिसमा हरेक आइतवार र शुक्रवार विशेषज्ञ सेवा उपलब्ध गराइनेछ । विशेषतः आइतवार र शुक्रवार गन्तव्य मुलुकमा सार्वजनिक विदा पर्ने भएकोले सो दिनमा विशेषज्ञ सेवा उपलब्ध गराउन खोजिएको हो ।

सेवा लिनुहुने श्रमिकको प्रेस्कृप्सन अनलाइन मार्फत उपलब्ध गराइने छ । यसको सम्पूर्ण खर्च वैदेशिक रोजगार वोर्डले नै व्यहोर्ने भएकाले यो सेवा पूर्णतः निशुल्क रहनेछ । आवश्यककता बमोजिम स्वास्थ्य सेवा लिन हार्दिक अनुरोध गर्दै सेवा प्रवाहमा साझेदारी गर्ने बीर अस्पतालको समग्र टिम एवं यसमा निरन्तर हौसला र सहजीकरण गरिरहनु हुने श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका श्रीमान सचिव लगायत सम्पूर्णलाई हार्दिक आभार प्रकट गर्दछौं ।

राजन पौडेल
प्रवक्ता एवं सूचना अधिकारी
९८५१२३१७१९